आज मिति २०८३/०३/०५ गतेका दिन यस दशरथचन्द नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपसस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

<u>उपस्थितिः</u>

| सि.नं. | नाम थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डेय | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह विष्ट | वडा नं १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी विष्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देवी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री विनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुवेदी | सदस्य सचिव | |

CamScanner

प्रस्तावहरुः

१)  जग्गा वर्गिकरण सम्बन्धमा।

२)  घर नक्सा पास तथा जग्गा वर्गिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

३)  पत्रपत्रिका सम्बन्धमा।

४)  आ.व २०८३/८४को निति तथा कार्यक्रमका लागि सुझाव संकलन गर्ने

५)  मतगणास्थाल निर्माण भुक्तानी सम्बन्धमा।

६)  नेपाल आयल निगम सम्बन्धमा ।

७)  रकमान्तर सम्बन्धमा।

८)  दशरथचन्द नगरपालिकाको बाल कलब गठन तथा परिचालन कार्यविधिक, २०८३ सम्बन्धमा।

९)  कानुनी सल्लाहकार सम्बन्धमा।

१०) विविध।

CamScanner

निर्णय नं.१

भू-उपयोग ऐन २०७६" र "भू-उपयोग नियमावली २०७९ बमोजिम तयार भएको भू-उपयोग क्षेत्र वर्गीकरण स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं २

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार "घर नक्सा/भूमि समस्या समाधान आयोग सम्वन्धी कार्यक्रम" सञ्चालनका लागि रु. २,२५,०००/- (अक्षरेपी दुई लाख पच्चीस हजार रुपैयाँ मात्र) विनियोजन गरिएकोमा, सम्बन्धित भूमि समस्या समाधान आयोग विघटन भइसकेको तथा उक्त शीर्षक अन्तर्गत पूर्वनिर्धारित कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था रहेको हुँदा नगरपालिकाको आवश्यकतालाई मध्यनजर गरी उक्त विनियोजित रकमबाट घर नक्सा पास तथा जग्गा वर्गीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ३

सरकारी खर्चमा मितव्ययीता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरुपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरुको प्रवर्द्धन गर्ने सम्बन्धमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको मिति २०८२/१२/१८ गतेको सचिवस्तरिय निर्णय अनुसार, जिल्ला भित्रका निजि पत्र पत्रीकाहरुलाई मात्र विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं ४

यस नगरपालिकाको आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सर्वसाधारण नागरिक, सरोकारवाला निकाय, विषयगत समिति तथा सम्बन्धित कार्यालयहरूबाट राय, सुझाव तथा सिफारिस संकलन गरी सहभागितामूलक योजना निर्माण गर्ने उद्देश्यले नीति तथा कार्यक्रमका लागि सुझाव संकलन गर्ने निर्णय गरियो।

CamScanner

**निर्णयः५**

आ.व. २०८२ मा सम्पन्न संघीय निर्वाचनका क्रममा मतगणना स्थलमा सुरक्षाका दृष्टिले यस कार्यालयबाट छेकवार (बारबन्द) व्यवस्था गरिएकोमा उक्त कार्य सम्पन्न भई सम्बन्धित निर्माण/सेवा आपूर्तिकर्तालाई भुक्तानी गर्न बाँकी रहेको हुँदा, उक्त कार्य प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सम्पन्न भएको देखिएकाले प्रचलित कानुन अनुसार भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

नेपाल आयल निगमको सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रम अन्तर्गत प्राप्त भएको रकम यस पालिकाको खातामा आम्दानी बाँधी वडानं. ०२ अन्तर्गत पर्ने डाँडाबाग मन्दिर धुनिघर निर्माण कार्य सम्पन्न भईसकेकोले उक्त रकमवाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णयः७**

आ.व. २०८२/८३ मा स्वीकृत तपसिलका शिर्षकहरुमा विनियोजित रकम संशोधन गरी तपसिलका आवश्यक कार्यक्रमहरुमा रकम विनियोजित गर्ने निर्णय गरियो।

| क्र.स. | स्वीकृत शिर्षक रकम | रकम | संशोधन गरिएको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | सहकारी संघ संस्था सहयोग कार्यक्रम | ३०००००/- | प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीता सहयोग | ३०००००/- |
| २ | पुरुष भलिबल प्रतियोगीता | २०००००/- | फोहोरमैला व्यवस्थापन | १५००००/- |
| ३ | ज्येष्ठ नागरिक सम्मान तथा सामग्री वितरण कार्यक्रम र पुरुष भलिबल प्रतियोगीता | २०००००/- र ५००००/- | आर्थिक सहयोग | २५००००/- |
| जम्मा | | ७०००००/- | जम्मा | ७०००००/- |

**निर्णयः८**

वालबालिकाको सहभागिता, नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा बाल अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको "दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३" माथि छलफल हुँदा उक्त कार्यविधि प्रचलित कानून तथा स्थानीय आवश्यकता अनुरूप रहेको देखिएकाले सो कार्यविधिलाई स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

CamScanner

निर्णयः९

दशरथचन्द नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कानुनी सेवा तथा परामर्श शीर्षकमा विनियोजित बजेटबाट नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता श्री हरि दत्त भट्ट ले नगरपालिकाको तर्फबाट विभिन्न अदालत तथा निकायहरूमा दायर भएका मुद्दाहरूमा बहस पैरवी गरेको, नगर प्रमुख तथा नगर कार्यपालिकासँग सम्बन्धित कानुनी विषयहरूमा आवश्यक परामर्श तथा सहजीकरण प्रदान गरेको, साथै नगरपालिका सम्बन्धी ऐन, नियम, कार्यविधि, निर्देशिका तथा अन्य कानुनी दस्तावेजहरूको तर्जुमा तथा परिमार्जन कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको हुँदा निजलाई कानुनी सेवा वापत सम्झौतामा उल्लेखित पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

निर्णयः१०

संस्कृति संरक्षण तथा व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु ५लाख वाट श्री दशरथचन्द माध्यमिक विद्यालय सुन्दरखाली द.न.पा. ०५ लाई रु २ लाख र विरेन्द्र माध्यमिक विद्यालय शाहीलेक लाई रु ३लाख उपलब्ध गराउने निर्णय गरियो।

CamScanner